# मन्त्रीको सरकारी आवास मर्मत, सम्भार तथा सजावट सम्बन्धी मापदण्ड, २०७९

बागमती प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

हेटौंडा, नेपाल

# मन्त्रीको सरकारी आवास मर्मत, सम्भार तथा सजावट सम्बन्धी मापदण्ड, २०७९

प्रदेश राजपत्रमा प्रकाशित मिति

२०८०।०१।०७

**प्रस्तावनाः** बागमती प्रदेश सरकारको मन्त्रीका लागि उपलब्ध आवासको मर्मत, सम्भार तथा सजावट सम्बन्धी कार्य गर्न उपलब्ध स्रोत साधनको समुचित परिचालन एवं उपयोग गरी सो कार्यमा नियमितता, पारदर्शिता, मितव्ययिता र प्रभावकारिता कायम गरी आर्थिक अनुशासन कायम गर्न वाञ्छनीय भएकोले,

प्रदेश प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी बागमती प्रदेश सरकारले यो मापदण्ड बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम "मन्त्रीको सरकारी आवास मर्मत सम्भार तथा सजावट सम्बन्धी मापदण्ड, २०७९" रहेको छ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) "कार्यालय" भन्नाले भौतिक पूर्वाधार विकास मन्त्रालय मातहतको शहरी विकास तथा भवन कार्यालय, मकवानपुर सम्झनु पर्छ।

(ख) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ग) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालय सम्झनु पर्छ।

(घ) "मन्त्री" भन्नाले प्रदेश सरकारको मन्त्रीलाई सम्झनुपर्छ र सो शब्दले मुख्यमन्त्री, राज्यमन्त्री र सहायक मन्त्रीलाई समेत जनाउँछ।

(ङ) "मर्मत" भन्नाले सरकारी आवास सञ्चालनको लागि आवासको इलेक्ट्रिकल कार्य, सरसफाई कार्य (स्यानीटरी), जग, भुईं, गारो, आर.सि.सि., संरचनाको कार्य (स्ट्रक्चर), छाना, आँगन, बगैंचा, पर्खाल (कम्पाउण्ड वाल) जस्ता भौतिक संरचना टुटफुट भएमा काम चल्ने अवस्थामा ल्याउने कार्य तथा सामान्य निर्माण सम्झनु पर्छ र सो शब्दले सजावट सामग्रीको मर्मत समेतलाई जनाउँछ।

(च) "सजावट" भन्नाले सरकारी आवासको निमित्त आवश्यकता र औचित्यता अनुसार उपयोग गरिने कार्पेट, पर्दा, सोफा, टेबुल, कुर्सी, पलङ, दराज जस्ता सामग्रीलाई सम्झनु पर्छ र सो शब्दले त्यस्ता सामग्रीसँग अभिन्नरूपले गाँसिने वा जोडिने सामान वा वस्तुलाई समेत जनाउँछ।

(छ) "सरकारी आवास" भन्नाले प्रदेश सरकारले मन्त्रीको आवासको निमित्त बन्दोवस्त गरेको सार्वजनिक भवन तथा संस्थानका भवनलाई जनाउँछ र सो शब्दले उक्त भवनको कम्पाउन्ड तथा पर्खाललाई समेत जनाउँछ।

३. **<u>सरकारी आवास मर्मत सम्भार तथा सजावटको लागि रकम खर्च सम्बन्धीः</u>** (१) बागमती प्रदेश सरकारको मन्त्रीको आवास भवनको

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

मर्मत सम्भार तथा सजावट गर्नुपर्ने भएमा यस मापदण्डमा उल्लेख गरिएको विषयमा सीमित रही मर्मत सम्भार तथा सजावट सम्बन्धी कार्य गर्नुपर्नेछ।

(२) आवास भवनको मर्मत सम्भार तथा सजावटको कार्यको लागि सम्बन्धित मन्त्रीको निजी सचिवालय मार्फत कार्यालयमा निवेदन पेस गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम आवास भवनको मर्मत सम्भार तथा सजावटको लागि परेको निवेदन बमोजिम मर्मत सम्भार तथा सजावटको कार्य आवश्यक भए/नभएको सम्बन्धमा कार्यालयले सम्बन्धित विशेषज्ञ कर्मचारीलाई स्थलगत रुपमा खटाई मर्मत सम्भार तथा सजावटका लागि लागत अनुमान तयार गर्नेछ।

(४) उपदफा (३) बमोजिम लागत अनुमान तयार भई छनोट भएका प्रत्येक आवास भवनको मर्मत सम्भार तथा सजावटका लागि सालबसाली रूपमा रू. ४,००,०००-(अक्षेरुपी चार लाख) रकममा नबढ्ने गरी कार्यालयले मर्मत सम्भार तथा सजावटको लागि खर्च गर्न सक्नेछ।

(५) आवास भवनको मर्मत सम्भार तथा सजावटको लागत अनुमान तथा निर्माण प्रक्रिया सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानून बमोजिम सम्पन्न गर्नुपर्नेछ।

४. **<u>मर्मत सम्भार तथा सजावटमा आर्थिक मितव्ययीता कायम गर्नुपर्नेः</u>**
(१) कार्यालयले मर्मत सम्भार तथा सजावटको लागि निवेदन प्राप्त

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

भए पश्चात स्वीकृत लागत अनुमान बमोजिमको रकम खर्च गर्न सक्नेछ।

(२) कार्यालयले उपदफा (१) बमोजिमको रकम मर्मत सम्भार तथा सजावट सम्बन्धी विषयमा मात्र प्रयोग हुने गरी खर्च गर्नुपर्नेछ।

(३) कार्यालयले मर्मत, सम्भार तथा सजावटको कार्य निर्धारित समयमा सम्पन्न गरी वर्षभरीमा सम्पन्न भएका कार्यको विवरण सहितको एकमुष्ठ प्रतिवेदन आर्थिक वर्षको अन्त्यमा मन्त्रालयमा पेश गर्नुपर्नेछ।

५. **अनुगमनः** यस मापदण्ड कार्यान्वयनका सम्बन्धमा मन्त्रालयले समय समयमा अनुगमन गर्न सक्नेछ।

६. **दोहोरो सुविधा सम्बन्धमाः** सरकारी आवास मर्मत सम्भार तथा सजावटका लागि यस मापदण्डमा उल्लेख गरिए भन्दा अन्य तरिका वा माध्यमबाट खर्च गरिने छैन।

७. **प्रचलित कानून बमोजिम हुनेः** मन्त्रीको पारिश्रमिक तथा सुविधा सम्बन्धी अन्य व्यवस्था मुख्यमन्त्री तथा मन्त्रीको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ बमोजिम हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश